# कक्षा छको नेपाली र वैखरी पाठ्यपुस्तकको तुलनात्मक अध्ययन

डिल्लीराम चम्लागाई
परीक्षा क्रमाङ्क : २०३०००९/२०७२
त्रि. वि. दर्ता नं. : ९–२–२०३–५९–२०१०
क्याम्पस रोल नं. : १/०७१-०७२

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअर्न्तगत
स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि.५९८ पाठ्यांशको प्रयोजनको
निम्ति प्रस्तुत

## शोधपत्र

पाँचथर बहुमुखी क्याम्पस
नेपाली भाषा शिक्षा विभाग
फिदिम, पाँचथर
सन् २०१८ (वि.सं.२०७५)

त्रिभुवन विश्वविद्यालय द्वारा सम्बन्धनप्राप्त

# पाँचथर बहुमुखी क्याम्पस

PANCHTHAR MULTIPLE CAMPUS

मानविकी,व्यवस्थापन तथा शिक्षाशास्त्र संकाय

FACULTY OF HUMANITIES, MANAGEMENT & EDUCATION

फिदिम-४,पाँचथर मेची नेपाल

स्था:-२०३९

# :०२४-५२०१५९
# :०२४-५२००७५
फ्याक्स:-: ०२४-५२०६१८
pmcfdm2039@gmail.com

पत्र संख्या:- २०७४/०७५

चलानी नं. :-

मितिः

विषय:- <u>सिफारिस पत्र</u>

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, पाँचथर बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर (एम.एड.) तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको आवश्यकता पूरा गर्ने प्रयोजनका लागि यस क्याम्पसका छात्र डिल्लीराम चम्लागाईं मेरो प्रत्यक्ष निर्देशन र सल्लाह अनुसार **कक्षा छको नेपाली र वैखरी पाठ्यपुस्तकको तुलनात्मक अध्ययन** शीर्षकको शोधपत्र तयार गर्नु भएको हो । उहाँले मेहनतपूर्वक सम्पन्न गर्नु भएको विश्लेषणात्मक शोधलेखन कार्यप्रति म पूर्ण रुपमा सन्तुष्ट छु । अध्ययन पूरा गरिएको यस शोधपत्रको मूल्याङ्कनको लागि मूल्याङ्कन समितिसमक्ष सिफारिस गर्दछु ।

................................

खड्ग नारायण आङदेम्बे

सहा.प्रा.

शोध निर्देशक

पाँचथर बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षा विभाग

फिदिम,पाँचथर ।

त्रिभुवन विश्वविद्यालय द्वारा सम्बन्धनप्राप्त

**पाँचथर बहुमुखी क्याम्पस**

PANCHTHAR MULTIPLE CAMPUS

मानविकी,व्यवस्थापन तथा शिक्षाशास्त्र संकाय

FACULTY OF HUMANITIES, MANAGEMENT & EDUCATION

फिदिम-४,पाँचथर मेची नेपाल

स्था:-२०३९

# :०२४-५२०१५९
# :०२४-५२००७५
फ्याक्स:-: ०२४-५२०६१८
pmcfdm2039@gmail.com

पत्र संख्या:- २०७४/०७५
चलानी नं. :-

मिति: २०७५/ /

**विषय:-** स्वीकृति पत्र ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, पाँचथर बहुमुखी क्याम्पस फिदिममा नेपाली शिक्षा विषय लिई स्नातकोत्तर तहमा अध्ययनरत छात्रा/छात्र परीक्षा क्रमाङ्क..................../..........................................स्नातकोत्तर तह दोस्रो वर्षको नपा.शि.५९८ को आंशिक आवश्यकता पुरा गर्ने प्रयोजनका लागि......................................................................... शीर्षकमा शोधकार्य पुरा गरी प्रस्तुत गर्नू भएको शोधपत्रलाई मूल्याङ्कन गरी स्वीकृति प्रदान गरिदिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

१. खेमनाथ खतिवडा क्याम्पस संयोजक (क्याम्पस प्रमुख) ..............................

२. खड्गनारायण आङदेम्बे (शोध निर्देशक) ..............................

३. उप-प्रा. नारायण दत्त पौडेल (बाह्य परीक्षक) ..............................

मिति :- / / ई

वि.स. :- / /

..........................

## कृतज्ञताज्ञापन

कुनै पनि कुरालाई खोज अनुसन्धान गरी स-प्रमाण तथ्य पहिल्याउने कार्य कठिन कार्य हो । तसर्थ शोध कार्य पनि आफैँमा गहन, जटिल र कठिनताको विषय नै मान्न सकिन्छ । कुनै पनि कुरालाई खोजेर सत्य तथ्य उद्घाटन गर्नका लागि चाहिने योग्यता, क्षमता, कठोर परिश्रम तथा उक्त कार्यमा आउने आर्थिक, भौतिक, मानसिक र सामाजिक चुनौतिहरूसँग सङघर्ष गर्दै साहस र धैर्यतामा रही कार्य गर्नुपर्ने कुराको यथार्थ अनुभव यस कार्यमा प्राप्त भएको छ । वास्तवमा आजको युग वैज्ञानिक युग हो । आजको युगमा विश्वमा घटेका घटना पनि विश्वमा हामी मानव समुदायमा दिनप्रतिदिन नयाँ–नयाँ ज्ञान हासिल गर्नुपर्ने अवस्था आएको छ । नेपाली भाषा साहित्य शिक्षणमा विद्यार्थीले आधारभूत तहअन्तर्गत कक्षा छका विद्यार्थीले हासिल गर्ने ज्ञान र पाठ्यक्रममा रहेको विषयवस्तुको अध्ययन गर्ने उद्देश्य राखी यो शोधपत्र तयार पारिएको छ ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय पाँचथर बहुमुखी क्याम्पसको नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली विषयको पाठ्यांश ५९८ को प्रयोजनको निम्ति आधारभूत तह अन्तर्गत रहेको **कक्षा छको नेपाली र वैखरी पाठ्यपुस्तकको तुलनात्मक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र श्रद्धेय सहप्राध्यापक श्री खड्गनारायण आङ्देम्बेको निर्देशनअनुसार तयार पारिएको छ। यस कार्यमा अनेकौं चुनौतिहरूलाई सामना गर्दै र विविध बाध्यात्मक परिस्थितिका बावजुत पनि आफ्नो अमूल्य समय दिई शोधपत्रको प्रारम्भदेखि हालसम्म अपार उत्साहबर्धक प्रेरणारूपी कुशल निर्देशन तथा महत्त्वपूर्ण सुझाव प्रदान गर्नुहुने नेपाली भाषा शिक्षा विभागका श्रद्धेय गरुहरू क्याम्पस प्रमुख उपप्राध्यापक श्री खेमनाथ खतिवडाप्रति हार्दिक कृतज्ञत ज्ञापन गर्दछु । साथै पाँचथर बहुमुखी क्याम्पसका सम्पूर्ण प्राध्यापक श्रद्धेय गुरुहरू साथै कर्मचारी एवम् सम्पूर्ण विद्यार्थी साथीहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

मलाई विद्यालयदेखि विश्वविद्यालय तहसम्मको अध्ययन कार्यमा हौसला दिँदै जस्तोसुकै कठिन परिस्थितिमा पनि अहोरात्र खटेर, अनुकूल वातावरण, उचित सल्लाह, सुझाव र हौसला प्रदान गर्नुहुने परम पूजनीय पिता खेमनाथ चम्लागाई र ममतामयी माता लीलामाया चम्लागाईप्रति आजीवन ऋणी छु । यस कार्यमा आएका विविध चुनौती र समस्याहरूलाई सहज रूपमा सामना गरी आवश्यक सल्लाह दिँदै सहयोग गर्ने मेरी

जीवनसाथी कुसुम उप्रेती साथै कञ्चन बोर्डिङ्ग स्कुल बिर्तामोडका फाउन्डर तथा शिक्षकहरू प्रधानाध्यापक श्रद्धेय श्री सुरेन्द्र खरेल, श्रद्धेय श्री दीपक चम्लागाई, श्रद्धेय श्री बद्री बास्कोटा र आदरणीय काका ससुरा लेखनाथ उप्रेतीलाई धन्यवाद दिन्छु ।

प्रस्तुत शोधपत्र तयार पार्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने साथीहरू छवि चापागाई, नमिता अधिकारी लगायत सम्पूर्ण साथीहरूप्रति आभार व्यक्त गर्दछु । साथै यस कार्यलाई गन्तव्यमा पुऱ्याउन सहयोग गर्नु हुने सम्पूर्ण आफन्तहरू, विद्यालय तहदेखि हालसम्म अध्यापन गर्ने मेरा सम्पूर्ण गुरुजनहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा प्रुफ, सेटिङ तथा बेन्डिङमा सहयोग गर्नुहुने सौजन्य डेस्कटप बिर्तामोड-१ की मैया बराललाई  विशेष धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका निम्ति त्रिभुवन विश्वविद्यालय पाँचथर बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग समक्ष पेस गर्दछु ।

--------------

शोधार्थी

डिल्लीराम चम्लागाई

मिति : २०७४/०३/१५

## *शोधसार*

*शोध शीर्षक : कक्षा छको नेपाली र वैखरी पाठ्यपुस्तकको तुलनात्मक अध्ययन*

*शोधार्थी : डिल्लीराम चम्लागाई*

*शोध निर्देशक : सहप्राध्यापक खड्गनारायण आङ्देम्बे*

*क्याम्पस : त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्रसङ्काय, पाँचथर बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, फिदिम पाँचथर*

*शैक्षिक वर्ष : २०७२*

*अध्याय : पाँच*

*पृ.स : ५५*

### *शोध प्रक्रिया*

*प्रस्तुत शोधपत्र त्रि.वि. शिक्षाशात्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत एम. एड. दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजन पूर्तिका लागि तयार पारिएको हो । यस शोधकार्यको उद्देश्य आधारभूत तहअन्तर्गत पर्ने कक्षा छको नेपाली र वैखरी पाठ्यपुस्तकको आन्तरिक/प्राज्ञिक र बाह्य/भौतिक विशेषताका आधारमा तुलनात्मक अध्ययन गर्नु रहेको छ । यस अध्ययनलाई पूरा गर्नका निम्ति सामग्री सङ्कलनका रूपमा तालिका, सूचीपत्र, टिपोटपत्र आदि साधनबाट सङ्कलन गरिएका तथ्याङ्कहरूलाई पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताहरूमा आधारित भएर तुलनात्मक विधिबाट विश्लेषण गरिएको छ ।*

*कक्षा छको नेपाली र वैखरी पाठ्यपुस्तकको तुलनात्मक अध्ययनबाट बाह्य/भौतिक पक्षका आवरण, कागजको गुणस्तर, मसीको प्रयोग, छपाइ, बँधाइ जस्ता विशेषताहरू वैखरीमा उपयुक्त रहेको र आन्तरिक/प्राज्ञिक पक्षका विधिको छनोट तथा विविधता, पाठको प्रस्तुतीकरण, भाषा, शब्दभण्डार, नमुना अभ्यास, भाषिक सीप सन्तुलन जस्ता विशेषताहरू नेपाली पाठ्यपुस्तकमा उपयुक्त रहेको देखिन्छ। सबै पाठ्यपुस्तकको सुरुवात कविता विधाबाट भएको र दुवै पाठ्यपुस्तकमा कथा विधाका पाठहरूको अधिक्यता रहेको छ। नेपाली पाठ्यपुस्तकमा पाठ तथा अभ्यास सङ्ख्या बढी रहेको र वैखरीमा विधागत पाठ सङ्ख्या कम तर सुनाइ सीपका लागि छुट्टै मूल पाठसँग मिल्ने सिडीमा भरिएका बाह्रवटा पाठहरू पनि समावेश गरिएको छ । भाषिक सीपका सबै पक्षलाई विशेष जोड दिने प्रयास*

देखिन्छ तर दुवै पाठ्यपुस्तकमा तुलनात्मक रूपमा लेखाइ सीपको अभ्यास अत्याधिक रहेको देखिन्छ । बोलाइ सीपका लागि पूर्व पठनमा विभिन्न विभूति तथा विश्व सम्पदा सूचीमा परेका चित्रहरू वर्णनका लागि समावेश गरिएको छ तर नेपालीमा बोलाइ सीपका लागि कुनै पनि चित्रहरू समावेश गरिएको पाइएन ।

यस अध्ययनलाई जम्मा पाँच अध्यायमा विभाजन गरिएको छ। जसमा अध्याय एकमा शोध परिचयअन्तर्गत समस्या कथन, उद्देश्यहरू, औचित्य, सीमाङ्कन, रूपरेखा उल्लेख गरिएको छ भने अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणाको परिचयको चर्चा गरिएको छ। अध्याय तीनमा विधि तथा अध्ययनको प्रक्रिया अन्तर्गत तथ्याङ्क सङ्कलनको स्रोत, तथ्याङ्क सङ्कलनका साधन, तथ्याङ्क सङ्कलन र विश्लेषण विधि तथा अध्ययनको अवधारणाको ढाँचाको चर्चा गरिएको छ। अध्याय चारमा व्याख्या विश्लेषण अन्तर्गत बाह्य, भौतिक आधारमा कक्षा छको नेपाली र वैखरीको तुलना आवरण, आकार प्रकार, कागजको गुणस्तर, छपाइ र बँधाइ, अक्षराकार र ठाउँ छोडाइ र मूल्य र सुलभताका आधारमा तथा आन्तरिक आधारमा प्रस्तुतीकरण, पाठको विविधता, भाषा, शब्दभण्डार, नमुना अभ्यास, चित्रहरू, अन्य विविध छन् भने अध्याय पाँचमा सारांश, निष्कर्ष र सुझाव समावेश गरिएको छ । सुझाव अन्तर्गत, नीति निर्माण, कार्यान्वयन तह, भावी अनुसन्धान तह र सन्दर्भसूची  समेत उल्लेख गरिएको छ ।

प्रस्तुत शोधका मुख्य निष्कर्षहरू निम्नानुसार छन् :

क) सबै पाठ्यपुस्तकको सुरुवात कविता विधाबाट भएको र दुवै पाठ्यपुस्तकमा कथा विधाका पाठहरूको अधिक्यता रहेको छ ।

ख) नेपाली पाठ्यपुस्तकमा पाठ तथा अभ्यास सङ्ख्या बढी रहेको र वैखरीमा विधागत पाठ सङ्ख्या कम तर सुनाइ सीपका लागि छुट्टै मूल पाठसँग मिल्ने सिडीमा भरिएका बाह्रवटा पाठहरू पनि समावेश गरिएको छ ।

ग) भाषिक सीपका सबै पक्षलाई विशेष जोड दिएको देखिन्छ तर दुवै पाठ्यपुस्तकमा तुलनात्मक रूपमा लेखाइ सीपको अभ्यास अत्याधिक रहेको देखिन्छ ।

घ) बोलाइ सीपका लागि पूर्व पठनमा विभिन्न विभूति तथा विश्व सम्पदा सूचीमा परेका चित्रहरू वर्णनका लागि समावेश गरिएको छ तर नेपालीमा बोलाइ सीपका लागि कुनै पनि चित्रहरू समावेश गरिएको पाइएन ।

# विषयसूची

**विषय** **पृष्ठ सङ्ख्या**

**अध्याय एक**

**शोधको परिचय** **१-५**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्या कथन २

१.३ अध्ययनको उद्देश्य ३

१.४ अध्ययनको औचित्य ४

१.५ अध्ययनको सीमाङ्कन ४

१.६ शोधपत्रको रूपरेखा ५

**अध्याय दुई**

**पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा** **६-१४**

२.१ पूर्वकार्यको समीक्षा ६

२.२ अध्ययनको सैद्धान्तिक अवधारणा ८

२.२.१ बाह्य भौतिक आधार ९

२.२.१.१ आवरण वा बनोट ९

२.२.१.२ कागजको गुणस्तर १०

२.२.१.३ छपाइ र बँधाइ १०

२.२.१.४ अक्षरको आकार र ठाउँ छोडाइ १०

२.२.१.५ मूल्य र सुलभता ११

२.२.१.६ अन्य ११

२.२.१.७ विषयसूची ११

२.२.१.८ शब्दसूची ११

२.२.१.९ पाठ्यपुस्तकको आकार ११

२.२.२ आन्तरिक पक्षहरू १२

२.२.२.१ विषयवस्तु र पाठ्यवस्तु १२

२.२.२.२ विधाको छनोट १२

२.२.२.४ शब्द भण्डार १३
२.२.२.५ भाषा १३
२.२.२.६ चित्र १३
२.२.२.७ नमुना अभ्यास १४
२.२.२.८ अन्य १४

**अध्याय तीन**

**शोध विधि तथा प्रक्रिया १५-१७**
३.१ अध्ययनको अवधारणाको ढाँचा १५
३.२ तथ्याङ्कका स्रोतहरू १५
३.२.१ प्राथमिक स्रोत १५
३.२.२ द्वितीय स्रोत १६
३.३ तथ्याङ्क सङ्कलनका उपकरण १७
३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया १७
३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया १७

**अध्याय चार**

**व्याख्या विश्लेषण १८-४९**
४.१ बाह्य भौतिक आधारमा कक्षा छको नेपाली र वैखरीको तुलना १८
४.१.१ आवरण पृष्ठ १८
४.१.२ आकार प्रकार १९
४.१.३ कागजको गुणस्तर २०
४.१.४ छपाइ र बँधाइ २०
४.१.५ अक्षराकार र ठाउँ छोडाइ २१
४.१.६ मूल्य र सुलभता २१
४.२ आन्तरिक/प्राज्ञिक आधारमा कक्षा छको नेपाली र वैखरीको तुलना २२
४.२.१ विषयवस्तु/पाठ्यवस्तु २२
४.२.२ विधाको छनोट २४
४.२.३ प्रस्तुतीकरण २९

४.२.४ पाठको विविधता ३२
४.२.५ भाषा ३३
४.२.६ शब्दभण्डार ३६
४.२.७ नमुना अभ्यास ३९
४.२.८ चित्रहरू ४२
४.२.९ अन्य विविधता ४४
४.३ समानता र असमानता ४६
४.४ सबल र दुर्बल पक्ष ४७

**अध्याय पाँच**
**सारांश, निष्कर्ष र सुझाव ५०-५६**
५.१ सारांश ५०
५.२ निष्कर्ष ५०
५.३ सुझाव ५३
५.३.१ नीति निर्माण तह ५३
५.३.२ कार्यान्वयन तह ५४
५.३.३ भावी अनुसन्धानका सम्भावित शीर्षक ५५
सन्दर्भसामग्री सूची
व्यक्तिगत विवरण

## तालिका सूची


| तालिका नं. | पृष्ठ सङ्ख्या |
|---|---|
| १ : कथा विधाको क्षेत्रगत तुलना | २४ |
| २ : कथा विधाको क्षेत्रगत तुलना | २५ |
| ३ : निबन्ध/प्रबन्ध विधाको क्षेत्रगत तुलना | २५ |
| ४ : जीवनी विधाको क्षेत्रगत तुलना | २६ |
| ५ : रूपक विधाको क्षेत्रगत तुलना | २६ |
| ६ : चिठी विधाको क्षेत्रगत तुलना | २७ |
| ७ : भाषातत्त्व व्याकरणको क्षेत्रगत तुलना | २७ |
| ८ : शब्दभण्डार र उखानटुक्काको प्रयोग | २८ |
| ९ : विधागत पाठको तुलना | ३० |
| १० : विधागतको क्षेत्रगत तुलना | ३२ |
| ११ : विधागत शब्दभण्डार नेपालीमा | ३७ |
| १२ : विधागत शब्दभण्डार वैखरीमा | ३८ |
| १३ : नमुना अभ्यासको तुलना | ४१ |
| १४ : दुवै पाठ्यपुस्तकमा भएका पाठहरू र चित्र सङ्ख्याहरू | ४३ |

## सङ्क्षेपीकृत शब्दसूची

| सङ्क्षिप्त रूप | पूर्ण रूप |
|---|---|
| आ.दी. | – आचार्य दीक्षित |
| उ.प्रा. | – उप प्राध्यापक |
| उ.मा.वि. | – उच्च माध्यमिक विद्यालय |
| क्र.स. | – क्रम सङ्ख्या |
| डा. | – डाक्टर |
| त्रि.वि. | – त्रिभुवन विश्वविद्यालय |
| नि.मा.वि. | – निम्न माध्यमिक विद्यालय |
| ने.रा.शि.यो.आ. | – नेपाल राष्ट्रिय शिक्षा योजना आयोग |
| नेपा.शि. | – नेपाली शिक्षा |
| प्रा.लि. | – प्राइभेट लिमिटेड |
| मा.वि. | – माध्यमिक विद्यालय |
| वि.सं. | – विक्रम संम्वत |
| सं. | – संस्करण |
| सु.बो.प.ले. | – सुनाइ, बोलाइ, पढाइ, लेखाइ |